# सुशासन, विकास र स्थानीय सरकारः एक अध्ययन

डा. पर्वतकुमार राई
सहप्राध्यापक, राजनीतिशास्त्र
भोजपुर बहुमुखी क्याम्पस, भोजपुर
isaraparbat@yahoo.com

**सार**

सुशासन असल कार्यसँग सम्बन्धित छ । सरोकारका सबै पक्षको उपस्थितिमा आवश्यक्ता पहिचान गर्ने र सबैले थाहा पाउने गरी कार्य सम्पादन गर्ने शैली सुशासन हुन्छ । किनभयो, कति भयो, के भयो, कसरी भयो र केका लागि भयो जस्ता प्रश्नको उत्तर सहित सम्पन्नहुने कार्य सुशासनहो । जनचाहना र आवश्यकताहरूको आपूर्तिमा हुने सापेक्षित बृद्धिको अवस्था विकास हुन्छ । आवश्यक्ता सापेक्ष आपूर्ति भयो वा भएन भन्ने प्रश्न विकाससँग सम्बन्धित हुन्छ । यस सन्दर्भमा सुशासन, विकास र स्थानीय सरकारबीच के अन्तरसम्बन्ध हुन्छ ? सुशासन र बिकासको सापेक्षमा भोजपुर नगरपालिका र आमचौक गाउँपालिकाको अवस्था कस्तो रहेको छ ? यो आलेखमा यी प्रश्नहरूको उत्तर खोज्ने प्रयास भएको छ । इमान्दारिता, पारदर्शिता र सहभागिताका साथै शक्तिविन्यास सहमतिको राजनीतिक वातावरणबाट मात्र विकासको प्रादुर्भाव हुन्छ भन्ने यो आलेखको निष्कर्ष हो । । वर्णनात्मक ढाँचाबाट तयार गरिएको यो आलेख गुणात्मक स्वरूपमा रहेको छ । यो  द्वितीय श्रोतबाट प्राप्त भएको तथ्याङ्कको उपयोगमा आधारित छ । बिभिन्न वेभसाईट, पुस्तक र जर्नल द्वितीय स्रोतका रूपमा उपयोग गरिएको छ । एपिए पब्लिकेसन म्यानुअल, छैठौं संस्करण अनुसरण गरी साइटेसन, कोटेसन र रिफरेन्स तयार गरिएको छ ।

*मुख्यशब्द* : आवश्यकता, आपूर्ति, इमान्दारिता, प्रत्याह्वान, बेरूजु ।

## परिचय

सामान्य नागरिकको नजिकमा रहेर नागरिकहरूको  सेवागर्ने  राज्यको अभिकर्ता स्थानीय सरकार हुन्छ । स्थानीय सरकारले गर्ने प्रत्येक कार्यबाट त्यस स्थानको प्रगति, विकास र समुन्नति प्रभावित हुने गर्दछ । स्थानीय श्रोत, साधन र आवश्यकताको पहिचान गर्ने पहिलो अभिकर्ता स्थानीय सरकार हो । यसले अख्तियार गर्ने नीति, शैली र कार्यसम्पादनबाट सुशासनको आयतन नाप्न सकिन्छ । सैद्धान्तिक सुशासनलाई कार्यपरक सुशानमा बदल्ने दृढ निश्चयी स्थानीय सरकार स्थानीय तहमा छ कि छैन भन्ने प्रश्न त्यहाँको विकासका सम्भावनासँग अन्तरसम्बन्धित हुन्छ । स्थानीय सरकारले सैद्धान्तिक सुशासनलाई कति व्यावहारिक रूप प्रदान गरेको छ भन्ने प्रश्न अहम् प्रश्नहो । संघात्मक राज्य स्वरूपमा क्रियाशील वर्तमान नेपाल ७५३ वटा स्थानीय सरकारबाट शासित छ । यसबेला देशभरि एउटा नयाँप्रश्न उठ्न थालेको छ कि, के नेपालमा संघीयता उपयोगीसिद्ध भैरहेको छ ? संघीयता नेपाली जनताको लागि कति फलदायी भैरहेको छ ? आखिर यो प्रश्न किन उठिरहेको छ ? नेपालको संघीय स्वरूप अन्तरगत स्थानीय सरकार पनि एक महत्वपूर्ण अंगका रूपमा रहेको छ । केन्द्, प्रदेश र स्थानीय गरी तिनै तहका सरकारको उपादेयताका सम्बन्धमा प्रश्न उठिरहेका छन् । यसतर्फ विमर्श गर्ने कि नगर्ने ? प्रश्नले जन्माएको अर्को प्रश्न हो यो । सिद्धान्तलाई व्यवहारले पुष्टि गर्न सकेको अवस्थामा प्रश्नहरूको सकरात्मक जवाफ प्राप्त हुँदै जानेछ । नेपालको संघीयता र त्यसको अभिकर्ता ७५३ वटा स्थानीय सरकारहरूको व्यवहार सुशासनमैत्री छ ? यसतर्फ किन बहस नगर्ने ? यदि सुशासन मैत्री छ भने कुन कुन मानेमा छ ? छैन भने किन छैन ? यसतर्फ छलफल केन्द्रित हुनु पर्दछ भन्ने ठम्याइ यो आलेखको हो । प्रजातान्त्रिक पद्धतिमा विकास र सुशासन पर्यायका रूपमा रहेको हुन्छ । सुशासन कायम भएको दृष्टान्तमा विकास अवरूद्ध हुन सक्दैन । यो अलेखमा सुशासन, विकास र स्थानीय सरकार बीचको विद्यमान अवस्थाको पहिचान गर्न भोजपुर जिल्लास्थित भोजपुर नगरपालिका र आमचौक गाउँपालिकालाई नमूनाका रूपमा लिइएको छ । शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पूर्वाधार र समाज कल्याण जस्ता खास क्षेत्रलाई सुशासनको मूलभूत पक्षसँग सापेक्षित अध्ययन गर्ने प्रयास गरिएको छ ।

### पूर्वसाहित्य समीक्षा

सुशासन र विकासको अवधारणासँग सम्बन्धित विभिन्न साहित्यहरूको अध्ययन गर्ने क्रममा विभिन्न वेभसाईटमार्फत प्राप्त साहित्यहरूको अध्ययन गरिएको छ । गुडगभर्नान्स : डेफिनिसन एण्ड क्यारेक्टरिसटिक्स शीर्षकमा सुशासनको सैद्धान्तिक पक्षमा विहंगम उल्लेख गरिएको छ। त्यसैगरी प्रिन्सिपल एण्ड क्यारेकटरिसटिक्स अफ गुड गभर्नान्स शीर्षक पुस्तकमा सुशासनको मुख्य चरित्रका सम्बन्धमा विश्लेषण गरेको पाइन्छ भने अमिताभ बेनर्जीको ग्लोबल एण्ड नेशनल लिडरसिप ईन गुड गभर्नान्समा सुशासन किन आवश्यक छ भन्ने बारेमा प्रशस्त विश्लेषण भएको छ । विकास के हो भन्ने सन्दर्भमा डिभलभमेन्ट : मिनिङ एण्ड कन्सेप्ट शीर्षकबाट प्रशस्त विश्लेषण गरेको पाइन्छ । डिभलभमेन्टल लोकल गभर्न्मेन्ट शीर्षकमा विकास र स्थानीय सरकारबीच हुने अन्तरसम्बन्धका बारेमा उल्लेखित छ। यी माथि उल्लिखित साहित्यबाहेक अन्य विभिन्न वेभसाईटबाट विकास र सुशासनका सम्बन्धमा उल्लेख गरेको पाइन्छ । यद्यपि नेपालको सन्दर्भमा सुशासन र विकाससँग स्थानीय सरकारको सापेक्षित अध्ययनको अभाव देखियो। यसर्थ सुशासन र विकासको मूलमर्मसँग स्थानीय सरकारको नीतिनिर्माण र कार्यसम्पादनको विद्यमान अवस्था के कस्तो रहेको छ भन्ने प्रश्नसँग सम्बन्धित पूर्वसाहित्य उपलब्ध हुन सकेन ।

### अनुसन्धान रिक्तता

विकास र सुशासनका सम्बन्धमा पूर्वसाहित्य उपलब्ध हुनु तर नेपालको सन्दर्भमा कुनै पनि स्थानीय सरकारको कार्यसम्पादन विकास र सुशासनसँग सापेक्षित अध्ययन नभएको विद्यमान अवस्था हुनु अनुसन्धान रिक्तताको अवस्था हो । खासगरी भोजपुर जिल्लास्थित स्थानीय सरकारको विकास र सुशासनसँग सापेक्षित अध्ययन हुनुलाई अनुसन्धानको रिक्तता मानिएको छ। सुशासनको मुख्य सिद्धान्त र मर्मअनुसार कार्यसम्पादन भएको छ वा छैन भन्ने प्रश्न अनुत्तरित हुनु एउटा रिक्तताको अवस्था हो ।

### समस्याको कथन

पारदर्शिता, जवाफदेहिता, समावेशिता र शक्तिको पूर्ण पृथकीकरण जस्ता आधारभूत मान्यताहरू भोजपुर नगरपालिका र आमचौक गाउँपालिकामा कार्यान्वयन भएको छ वा छैन ? यदि भएको छ भने कुन परिमाणमा भएको छ ? यो पहिलो प्रश्न हो । शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पूर्वाधार र समाज कल्याणका क्षेत्रमा एउटा साधारण नागरिकले पाउने न्यूनतम सुविधाहरूको उपलब्धता विकासको पहिलो र अनिवार्य पक्षहो । भोजपुर नगरपालिका र आमचौक गाउँपालिकामा यसको अवस्था के कस्तो रहेको छ ? यो दोश्रो प्रश्नहो । यी प्रश्नहरू अनुत्तरित अवस्थामा रहेका छन् ।

### शोधप्रश्न

- सुशासन, विकास र स्थानीय सरकारबीच के अन्तरसम्बन्ध हुन्छ ?
- भोजपुर नगरपालिका र आमचौक गाउँपालिकामा सुशासन र विकासको अवस्था कस्तो रहेको छ ?

### उद्देश्य

- सुशासन, विकास र स्थानीय सरकारबीचको अन्तरसम्बन्ध विवेचना गर्ने ।
- भोजपुर नगरपालिका र आमचौक गाउँपालिकामा सुशासन र विकासको अवस्था पत्ता लगाउने ।

### शोधविधि

यो आलेख वर्णनात्मक ढाँचामा तयार गरिएको छ । गुणात्मक विधिमा अध्ययन गरिएको यो आलेखमा उपयोग गरिएका सन्दर्भ सामग्री द्वितीयक स्रोतबाट लिइएको छ । द्वितीयक स्रोतका रूपमा वेभसाईट, पुस्तक र जर्नललाई लिइएको छ। द्वितीयक स्रोतबाट प्राप्त भएका तथ्याङ्कहरूको विश्लेषण गरी लेख तयार गर्नका लागि एपिए पब्लिकेसन म्यानुअलको छैठौं संस्करण अनुकरण गरिएको छ।

### सीमा

यो आलेख तयार गर्नका लागि मूलत दुई वटा सीमा निर्धारण गरिएको छ।

- अध्ययन क्षेत्र नमुनाका रूपमा भोजपुर नगरपालिका र आमचौक गाउपालिका लिईएको छ ।
- अध्ययनको अवधि बि.सं. २०७४ देखि २०७८ को चार वर्षलाई लिइएको छ ।

**बिषयप्रवेश**

बि.सं. २०७२ मा बनेको नेपालको संविधानबाट नेपाल देश संवैधानिक रूपमा एकात्मक राज्य स्वरूपबाट संघात्मक राज्य स्वरूपमा प्रवेश गरेको हो । उक्त संविधानअनुसार नेपाल राज्यमा एक संघीय सरकार, सात प्रदेश सरकार र सात सयत्रिपन्न स्थानीय सरकार रहने व्यवस्था छ । तीनतहका यी सरकारबाट नेपाल देशमा शासन सञ्चालन गरिएको छ । एकात्मक राज्य व्यव्स्थाबाट संघात्मक राज्य व्यवस्थामा रूपान्तरण भएपछि आमनागरिकले प्राप्त गर्ने सेवा र सुविधा छिटो छरितो हुन्छ भन्ने आमविश्वास थियो । यसको साथै पारदर्शी, जवाफदेही समावेशी र भ्रष्टाचारमुक्त शासन हुने विश्वास पनि उत्तिकै थियो । कृषि, शिक्षा र स्वास्थ्य जस्ता आधारभुत क्षेत्रमा जनवादी वा जनवादउन्मुख नीति, कार्यक्रम र योजना बन्नुका साथै कार्यान्वयन हुने अपेक्षा पनि स्वभाविक थियो । यही पृष्ठभूमिमा जनविश्वास प्राप्त संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको गठन भएको हो । नेपालको संविधानमा उल्लिखित समाजवाद उन्मुख नेपालको सरकारी कार्यशैलीप्रति आम नेपाली नागरिकहरू यस बेला विभिन्न प्रश्न उठाइरहेका छन् । प्रश्नहरूमा कुण्ठा, निराशा, आक्रोस र विद्रोहको संकेत पाइन्छ । यस समयमा सबै तहका सरकारले गरेका कामहरू के समाजवाद उन्मुख छ ? के सुशासनयुक्त छ ? के आवश्यकतामा आधारित विकासको काम भएको छ ? जस्ता प्रश्नहरूको सम्बन्धमा विहंगम छलफल गरेर यो राज्यस्वरूप र शासन पद्धतिलाई अझ बढी प्रभावकारी बनाउने वा संशोधन गर्नेतर्फ निष्कर्ष निकाल्न आवश्यक भएको छ । बहसको सुरूवात यो आलेख बन्न सकोस भन्ने अपेक्षा राखिएको छ ।

**सुशासनको अवधारणा**

सामान्यतया कुनै पनि प्रकारको भ्रष्ट आचरणमुक्त शासकीय अवस्था सुशासनहो । भ्रष्ट आचरणअन्तर्गत आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, धार्मिक, भाषिक लगायतका समाजमा विद्यमान सबै प्रकारका अनुशासनहीनता पर्दछ । कुनै पनि विषयमा परम्परा, रीतिरिवाज, मूल्यमान्यता, विधि, पद्धति र मूलकानुनको सीमा मिच्नु भ्रष्ट आचरणको अवस्था हुन्छ । यी तमाम विषय क्षेत्रमा भ्रष्ट आचरणरहित समाजको निर्माणले सुशासनको बिजारोपण गर्दछ । बिडम्बना, नेपालको सन्दर्भमा आफू पनि भ्रष्टचार गर्दिन, भ्रष्टाचार गर्न पनि दिन्न भन्नेहरू शासक बन्दछन् तर भ्रष्ट आचरण त्यही भित्र पाइन्छ । भ्रष्ट आचरणरहित शासक र नागरिक समाजको विद्यमानताले सुशासन निर्माण हुनसक्दछ । विश्वव्यापी मान्यताअनुसार सुशासन कायम गर्न निम्न सूचकहरूको विद्यमानता आवश्यक हुन्छ (UCLG, 2021, NP)।

- सहभागिता
- विधिको शासन
- पारदर्शिता
- जवाफदेहिता
- सहमति
- समावेशिता र समता
- उत्तरदायित्व

सुशासनको अवधारणालाई मानवीय विकासको एउटा आयामको रूपमा पनि लिने गरिन्छ । सुशासन भनेको असल राजनीतिक शासन, असल आर्थिक शासन र असल नागरिक शासन पनि हो, जुन शासन त्यस राज्यको सार्वजनिक प्रशासनमार्फत कार्यान्वयन गरिन्छ (पौडेल, २०५९, पृ.१५) । मुलुकको सार्वजनिक प्रशासनलाई जनतामुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्तप्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था श्रृजना गर्नु सुशासनको सर्वोपरी धारणा हो । मुलुकमा सुशासन

कायम गर्न संविधान तथा ऐन वा अन्य प्रचलित कानुन बमोजिम प्रशासनिक कार्यसम्पादन देहायका प्रक्रियाका आधारमा गर्नुपर्दछ (सुशासन ऐन, २०६४, परिच्छेद २, दफा ६)।

- राष्ट्र र जनताको बृहत्तर हित
- समन्याय र समावेशीकरण
- कानुनको शासन
- मानवअधिकारको प्रत्याभूति
- पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमान्दारिता
- आर्थिक अनुशासनएवं भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन
- प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता
- प्रशासनिक संयन्त्र र निर्णयमा सर्वसाधारणको पहुँच
- विकेन्द्रीकरण र अधिकार निक्षेपण
- जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग।

संयुक्त राष्ट्र संघका पूर्वमहासचिव कोफी अन्नानका अनुसार "गरीबी निवारण र विकास कार्यका लागि सुशासन एक मात्र उत्तम उपाय हुन सक्दछ" (Banerji, ND)। सहभागितामूलक, सहमतिउन्मुख, उत्तरदायी, पारदर्शी, निपुण तथा प्रभावकारी, विधिको शासन, भ्रष्टाचाररहित र अल्पसंख्यक समुदायको आवाजलाई शासन पद्धतिमा समावेश गरेर सुशासनकायम गर्न सकिन्छ। सुशासनकायम गर्न र प्रभावकारी बनाइराख्न विधिको शासनलाई कडाइका साथ लागू गरिनु पर्दछ, स्वतन्त्र सञ्चार, सक्षमनागरिक समाज, सक्षम सार्वजनिक/संवैधानिक अंगहरू, आवधिक निर्वाचन र शक्ति पृथकीकरण जस्ता आधारभूत पक्षहरूमा ध्यान पु-याउन अनिवार्य छ।

**सुशासनको अवरोध**

- भ्रष्टाचार संरक्षण
- शक्ति केन्द्रीकरण
- निर्देशित संवैधानिक अंग
- राजनीतिक प्रत्याह्वानको अभाव
- अजवाफदेहिता
- चरम पूँजीवादी निर्वाचन प्रणाली
- पूँजीवाद उन्मुख चिन्तन

संसारमा विद्यमान भ्रष्टाचारसम्बन्धी गरिएको अध्ययनबाट प्राप्त भएको प्रतिवेदनले १०० पूर्णाङ्कमा ३३ प्राप्त गरेर नेपाल ११७ औं स्थानमा रहेको देखाएको छ। जबकि सबैभन्दा बढी भ्रष्टाचार हुने देशको सूचीमा ११ अङ्कप्राप्त गरेर साउथ सुडान १८० औं स्थानमा रहेको छ। १०० मा ८८ अङ्क प्राप्त गरेर डेनमार्क संसारको सबैभन्दा कम भ्रष्टाचार हुने देशमा सूचीकृत भएको छ (Corruption perception…, 2021)। सुशासनको मार्गमा सबैभन्दा बढी अवरोध भ्रष्टाचार हो र खासगरी वित्तीय भ्रष्टाचार सबैभन्दा मुख्य अवरोध हो। ट्रान्सपरेन्सी ईन्टरनेशनलको प्रतिवेदनअनुसार नेपालमा आर्थिक भ्रष्टाचारको अवस्था निकै निराशाजनक देखिन्छ। ६ खर्ब, ६४ अर्ब वित्तीय बेरूजू हुनुले नेपालको विद्यमान आर्थिक अनुशासन छर्लङ्ग पार्दछ (कान्तिपुर टेलिभिजन, २०७८)।

**विकासको अवधारणा**

मानवीय आवश्यकताहरूको आपूर्ति कुन मात्रामा भएको छ भन्ने प्रश्नको उत्तरबाट विकासको अवस्था नाप्न सकिन्छ। आवश्यक्ताहरूको आपूर्ति तुलनात्मक रूपमा हिजो भन्दा बढी भएको होस वा जनसंख्याको ठूलो हिस्साले प्राप्त गरेको होस, त्यो अवस्थालाई विकासको संकेत मान्न सकिन्छ (Development: Meaning and Concept, ND)। बिकासको मुल उद्देश्य मानवीय आवश्यक्ताको पूर्ण आपूर्तिसँग सम्बन्धित हुनु पर्दछ। विकासको सूचक फरक विधामा फरक हुने गर्दछ। एउटै यन्त्रको प्रयोगबाट फरक विधाको विकास नाप्न सकिँदैन। शिक्षा, स्वास्थ्य, कृषि, सञ्चार, यातायात, भाषा, संस्कृति, भौतिक पूर्वाधार लगायत विविध विधाको अवस्था नाप्न फरक फरक सूचकप्रयोग गरिनु

आवश्यक हुन्छ । सेवासुविधाको गुणस्तर, वस्तु तथा प्रविधिको उपलब्धता, परम्परागत शैलीहरूको संरक्षण र आधुनिकीकरणतर्फको प्रवेस विकासको पूर्वाधार मानिन्छ । संयुक्त राष्ट्रसंघको विशेषज्ञ समितिकाअनुसार, विकासको सम्बन्ध मानिसको भौतिक आवश्यकतासँग मात्र नरहेर जीवनको सामाजिक अवस्थामा हुने सुधारसँग समेत रहेको हुन्छ । यसर्थ विकास भनेको आर्थिक बृद्धिसँगै सामाजिक, साँस्कृतिक, आर्थिक एवम् संस्थागत परिवर्तन पनि हो ( सापकोटा, २०६७, पृ.५३) । विकास मानिसको आर्थिक बृद्धि, जीवनस्तरमा सुधार र शिक्षा तथा स्वस्थ्यमापहुँचसहितको सकरात्मक परिवर्तनको अवस्थाहो । विकासका ३ वटा मूलउद्देश्य हुनुपर्दछ ।

- आधारभुत आवश्यकताको आपूर्ति (खाद्यान्न, आवास, कपडा, स्वास्थ्य, शिक्षा र सुरक्षा) ।
- आधुनिक उपकरण, प्रविधि र वस्तुको उपभोगमा पहुँच निर्माण
- समानता, समावेशिता र सहभागिताको सुनिश्चितता ।

विकासकालागि मुख्य तीन वटा एप्रोच/उपागम अपनाउनु सान्दर्भिक हुनेछ । यी उपागमका प्रयोगबाट समाज र राष्ट्र विकासउन्मुख हुनसक्दछ (सापकोटा, २०६८, पृ.४०) ।

- राहत उपागम (खाँचोको आधारमा प्रत्यक्ष वस्तु तथा सेवाप्रवाह) ।
- सुधार उपागम (ज्ञान, सिप र चेतना प्रदान गर्ने, सहभागितामा जोड दिने) ।
- अधिकार उपागम (विभेद र सीमान्तकृत समुदायको अधिकार स्थापित गर्ने, नीति तथा निर्णय निर्माणमा प्रभावकारी भूमिका प्रदान गर्ने) ।

विकासका लागि ध्यान दिनु पर्ने क्षेत्रहरू के हुन सक्दछ ? अथवा विकासको चर्चा गर्दा, नीति तथा कार्यक्रम तयार गर्दा र योजना निर्माण गर्दा समावेस गरिनु पर्ने क्षेत्रहरू विकाससम्बन्धी अवधारणाले निम्नानुसार हुनुपर्ने मान्दछ ।

- रोजगारीमा बृद्धि ।
- शिक्षा र प्रविधिमा बृद्धि ।
- स्वास्थ्य सेवामा पहुँच बृद्धि ।
- आधुनिक प्रविधिमा पहुँच निर्माण ।
- विद्युत उपभोगमा पहुँच ।
- कृषि उत्पादन र सुरक्षा ।
- स्थानीय औद्योगिकीकरण ।
- सामाज कल्याण र सुरक्षा ।
- यातायात तथा सञ्चार सुविधामा पहुँच ।

**विकासका अवरोध**

- चिन्तनमा अपरिवर्तन
- आवश्यकताको अपहिचान
- असीमित सरकारको अवस्था

आवश्यकतााको पहिचान र तदनुरूपको कार्ययोजना बन्ननसक्नु मुख्य अवरोध हो । जीवन जीउन पाउनु निर्विकल्प मानवीय पहिलो शर्त हो । यसका लागि स्वास्थ्य सुरक्षामा पहिलो ध्यान जानु पर्दछ । नेपालमा भनिन्छ, व्यवस्था परिवर्तन भयो तर अवस्था  उस्तै रह्यो । खासगरी स्वस्थ्य क्षेत्रमा कुनै परिवर्तन आाउन सकेन । नेपालको प्रदेश नं. १ अन्तर्गत पर्ने धनकुटा, तेह्रथुम, संखुवासभा र ओखलढुङ्गा जिल्लाका केही पालिकाहरूमा गरिएको सर्भेक्षणबाट स्वास्थ्य क्षेत्रमा संघीयताको कार्यान्वयनपछि पनि कुनै परिवर्तन नभएको र साधारण रोग निदान गर्नका लागि आजपनि हेलिकप्टर चार्टर गरेर शहर जानु पर्ने अवस्था जस्ताको तस्तै रहेको पाइएको छ (कान्तिपुर टेलिभिजन, २०७८) ।

**स्थानीय सरकारको अवधारणा**

सर्वसाधारण नागरिकको सबैभन्दा नजिकमा रहने शासक समूहको नाम स्थानीय सरकार हुन्छ र यसले राजनीतिज्ञहरूलाई स्थानीय समुदायसँग हरसमय घुलमेल हुने वातावरण प्रदान गर्नुका साथै उनीहरूको आवाज तथा समस्याप्रति सम्वेदनशील बनाउँदछ (Developmental Local Government, ND)। एकात्मक राज्यस्वरूपको स्थानीय सरकार केवल केन्द्रीय सरकारको खटन मान्ने अवस्थामा हुन्छ भने संघात्मक राज्यस्वरूपको स्थानीय सरकार स्थानीय आवश्यकतामा आधारित शासन गर्ने अवस्थामा हुन्छ । अहिले नेपालको संबिधान, २०७२ ले व्यवस्था गरे अनुसार नेपाल देशमा संघात्मक राज्यको स्थानीय सरकार क्रियाशील छ। ७५३ वटा संख्यामा रहेको नेपालको स्थानीय सरकार यथार्थमा शक्ति विकेन्द्रीकरणको एउटा उत्तम प्रयोग हो । संघ, प्रदेश र स्थानीयतहसमेत नेपालको नयाँ राज्य संरचनामा शासनका लागि उत्तिकै जिम्मेवार हुने संवैधानिक व्यवस्था रहेको छ । संघ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वांगीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानवअधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने छन् (Constitution of Nepal, 2072, Part 4, article 50) । स्थानीय आवश्यकताको आधारमा विधायिकी, कार्यकारी र वित्तीय बिषयक क्षेत्रमा आवश्यक निर्णय लिन सक्ने कुनै पनि देशको राजनीतिक, प्रशासनिक तथा भौगोलिक एकाइ स्थानीय सरकार हुन्छ (Berevoescu, ND, p. 10)। स्थानीय सरकारमा हुनुपर्ने मुख्यदुई विशेषताहरू मध्ये पहिलो, विधायिकी, कार्यकारी तथा आर्थिक निर्णय लिनसक्ने अधिकार निहित हुन्छ र दोश्रो, कुनै पनि निर्णयले स्थानीय आवश्यकताको पहिचान गरेको हुनुपर्दछ।

**स्थानीय सरकारमाथि उठेका प्रश्न**

- सुशासनको आधारभुत चरित्र कायम भयो ?
- विकासको आधारभुत क्षेत्र पहिचान हुन सक्यो ?

**सुशासन, विकास र स्थानीय सरकारको अन्तरसम्बन्ध**

औचित्यता, पारदर्शिता, सहभागिता, जवाफदेहिता, उत्तदारदायित्व, विधिको शासन र समावेशिता सुशासनको प्रमुख विशेषता हो, जुन मानव विकास र गरीबी निवारणका लागि अनिवार्य महत्त्वको हुन्छ (Governance and development, 2012, p.3)। सुशासन र विकास एक अर्कामा पुरक सम्बन्धमा रहेको हुन्छ । सुशासनको शून्यतामा विकासको कुनै सम्भावना रहँदैन । सुशासनको अभावले निरंकुशतन्त्र र स्वेच्छाचारिताको निर्माण गर्दछ । सार्वजनिक प्रशासनसहित सरकार स्वयं विद्यमान श्रोत र साधनको उचित व्यवस्थापन, औचित्यतामा आधारित श्रोत र साधनको वितरण, स्थानीय नागरिकको आवाजमा उचित सुनुवाइका साथै उनीहरूको पर्याप्त सहभागिताबाट मात्र विकासको गति सशक्त हुन सक्दछ । जनकेन्द्रित दिगो विकास कानुनको शासन, शक्ति पुथकीकरण र जवाफदेही शासनको पर्याय हुन्छ । विकास सुविधाजनक रूपान्तरणसँग सम्बन्धित छ र सुविधाजनक समाज रूपान्तरण इमान्दारिता, पारदर्शिता र कानुनको अक्षरशः पालनासँग सम्बन्धित छ।

स्थानीय सरकारमा प्रतिनिधित्व गर्ने राजनीतिक व्यक्ति र कर्मचारीतन्त्रले सचेत हुनै पर्ने बिषय भनेको स्थानीय नागरिकको मुख्य आवश्यकता र चाहना हो । आवश्यकताको पहिचानबाट निर्मित नीति, योजना र कार्यक्रमको सफल कार्यान्वयनले आवश्यकतामा आधारित विकास प्रदान गर्न सक्दछ। यसका लागि जाति, क्षेत्र, लिङ्ग, रङ्ग, धर्म, भाषा र संस्कृतिमा आधारित भेदभावरहित सहभागिताको सुनिश्चितता गरिनु पर्दछ। विकास र सुशासनसँग स्थानीय सरकारलाई जोड्ने भूमिका स्थानीय सरकारमा प्रतिनिधित्व गर्ने राजनीतिक अभिकर्ताको हुन्छ (The Role and Purpose.. ND, p.81)। सुशासन, विकास र स्थानीय सरकारको अन्तरसम्बन्ध एउटा सिक्काको दुई वटा पाटा जस्तै हुन्छ। एउटाको अभावमा अर्कोको अस्तित्व देख्न सकिन्न। सुशासन शासनको एउटा मुख्य पक्षहो। शासन गर्ने शासकको निर्माण र उसको वैद्यता दोश्रो मुख्य पक्ष हो। शासकलाई वैद्यता दिने नागरिक तेश्रो मुख्य पक्ष हो। तीन वटा पक्षको समिश्रणबाट शासनको निरन्तरता रहने गर्दछ । सुशासनका लागि छानिएका शासक वर्गले सुशासन कायम गर्न सकेन भने उसको वैद्यता माथि प्रश्न उठाउने अधिकार नागरिकमा हुनुपर्दछ। आवाजले मात्र पुगेन भने रिकल प्रत्याह्वान गर्ने संवैधानिक व्यवस्था हुनुपर्दछ । संसारका विभिन्न देशहरू, खासगरी अर्जेन्टिना, क्यानडा,

ईक्वेडर, जर्मनी आदि, को स्थानीय र प्रदेश तहमा प्रत्याह्वानको प्रयोग भएको पाइन्छ (Recall election,ND)। यो संवैधानिक व्यवस्थाले सुशासनको अनिवार्यता कायम गर्न सहयोग गरेको छ।

सुशासन निरंकुशतामा खोज्ने होइन बरू प्रजातान्त्रिक प्रणालीमा नै खोज्ने हो । प्रजातन्त्र सकेसम्म सहभागितामूलक नभए कमसेकम समावेशी हुनु अनिवार्य छ । प्रजातन्त्रमा आवधिक निर्वाचन पहिलो सर्त हो । निर्वाचनमा आफूलाई असल लागेको व्यक्ति छान्ने अधिकार नागरिकमा सुरक्षित हुनुपर्दछ। छानिनका लागि उभिएका कुनै पनि व्यक्तिबाट आफू शासित हुन उचित नलागेमा नोभोट भन्न पाउने अधिकार मतदातामा सुरक्षित गरिनु पर्दछ । यसले सुशासन कायम गर्न मद्धत पुग्दछ । खासगरी स्थानीय सरकारको निर्वाचनमा यो व्यवस्था गरिनु आवश्यक छ। किनकि नो भोटको प्रभाव आम्नेसाम्ने पर्दछ वा त सुशासन कायम गर्ने मानसिकता श्रृजना गर्दछ वा त शासनपद्धतिबाट बहिस्कृत हुन्छ। नो भोट भन्न पाउने व्यवस्थाले शासक वर्गको निर्माणमा नागरिकको विश्वास र इच्छा अभिव्यक्त गर्ने अवसर प्रदान गर्दछ, त्यसैले प्रजातान्त्रिक पद्धतिमा यसको खाँचो पर्दछ (Pant, 2021, NP)। प्रजातान्त्रिक अभ्यास गरिरहेको संसारको सबैभन्दा ठूलो मुलुक भारतमा यसको अभ्यास भएको छ। सन् २०१३ मा भएको विधानसभाको निर्वाचनमा त्यहाँको सर्वोच्च अदालतको आदेशअनुसार यसको अभ्यास भएको थियो । उक्त निर्वाचनमा यसलाई NOTA (None Of The Above) भनियो। उक्त निर्वाचनमा भारतका १.५ प्रतिशत मतदाताले NOTA को पक्षमा मतदान गरेका थिए (10 things to know.., 2014, NP)। सुशासन निर्माण र निरन्तरताका लागि प्रजातान्त्रिक पद्धति अपरिहार्य सर्त हुन्छ र प्रजातन्त्रको अभ्यासमा शासक बर्ग, जसलाई जनप्रतिनिधि पनि भन्ने गरिन्छ, को छनौट गर्ने वा बहिस्कार गर्ने अधिकारको व्यवस्था जरूरी हुन्छ।

## सुशासन र विकासमा भोजपुर नगरपालिका

नेपालको संविधान, २०७२ अनुसार नेपाल एक सार्वभौम संघीय गणतन्त्रात्मक राज्य हो। नेपालमा १ संघ, ७ प्रदेश, ७७ जिल्ला र ७५३ पालिका रहेको छ। ७५३ पालिकामध्ये ५ महानगर, ११ उपमहानगर, २७६ नगर र ४६० गाउँपालिका रहेको छ । यसमध्ये भोजपुर नगरपालिका एक हो । सुशासन र विकासका सन्दर्भमा आमनागरिकसँग निकट रहेर काम गर्ने स्थानीय सरकारका रूपमा भोजपुर नगरपालिकाको संक्षिप्त परिचय निम्नानुसार रहेको छ।

## भोजपुर नगरपालिका संक्षिप्त परिचय

नेपालको प्रदेश नम्बर १ अन्तरगतभोजपुर जिल्लाको सदरमुकाम रहेको नगरपालिका भोजपुर नगरपालिका हो । मध्यपहाडी क्षेत्रमा अवस्थित यो नगरपालिकाको हावापानी समशितोष्ण छ । यसको कुल क्षेत्रफल ६८.४ वर्गकिलोमिटर रहेको छ । भोजपुर नगरपालिकामा १७,७५६ जनसंख्या बसोबास गर्दछन्, जसमध्ये ८,९४५ पुरूष र ८,७९१ महिला रहेका छन्। भोजपुर जिल्लालाई माझकिरातको नामबाट पनि चिन्ने गरिन्छ। पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानपछि पनि माझकिरात क्षेत्रको प्रशासनिक केन्द्रका रूपमा भोजपुर रहेको पाइन्छ । बि.सं. १८७२ देखि डोली पैसा काटेर टक बनाउने टकसार बजार भोजपुर नगरपालिकाको १२ नम्बर वडामा पर्दछ (भोजपुर नगरपालिका..., एनडि)।

बि.सं. २०७४ को निर्वाचन परिणामअनुसार भोजपुर नगरपालिकामा नगरप्रमुख सहित ६ वडा अध्यक्ष नेपाली कांग्रेस, नगरउपप्रमुख सहित ५ वडा अध्यक्ष ने.क.पा. एमाले र १ वडा अध्यक्ष ने.क.पा. माओवादीबाट प्रतिनिधित्व भएको छ (भुजेल, २०७८)। नगरपालिकाका वर्तमान जनप्रतिनिधिहरूको पाँचबर्षे कार्यकाल समाप्त हुन दुई महिना बाँकी रहेको अवस्था छ। भोजपुर नगरपालिकाले पाँचबर्षे कार्यकालमा सम्पन्न गरेका विभिन्न कामहरू सुशासन र विकासको मर्मसँग कति तादात्म्य रहेको छ भन्ने प्रश्न सार्वजनिक चासो र सरोकारको बिषय बन्नु स्वभाविक छ। यही प्रश्नको उत्तर खोज्ने क्रममा भोजपुर नगरपालिकाले सम्पादन गरेका विभिन्न कामहरूलाई केही क्षेत्र/क्लष्टरमा प्रस्तुतगरिएको छ।

## कृषि क्षेत्र

भोजपुर नगरपालिकाले वैज्ञानिक कृषि पकेटक्षेत्र निर्माण गर्ने आफ्नो नीतिअनुसार आलु खेतीका लागि २ वटा पकेटक्षेत्र निर्माण गरेको छ। जसअन्तर्गत ८ वटा वडाहरू समेटिएका छन्। त्यसैगरी सुन्तला खेतीका लागि १ वटा पकेटक्षेत्र निर्माण गरेको छ, जसअन्तर्गत ३ वटा वडा समेटिएको छ । नगदे बालीको विकास गर्ने नीतिअन्तर्गत अलैचीका लागि ४ वटा वडामा, अदुवाका लागि ३ वटा वडामा र अकबरे खोर्सानीका लागि ६ वडामा समूहमार्फत्

लगानी गरेको छ । व्यवसायिक तरकारी खेती बोखिम, भैसीपंखा र टक्सार गरी जम्मा ३ स्थानमा सञ्चालन गरिएको छ भने सुन्तला खेती गुप्तेश्वर, सिद्धेश्वर, बोखिम, पालुवा र भामराङ गरी जम्मा ५ ठाउँमा सञ्चालन गरिएको छ ।

कृषिजन्य उत्पादनको बजार सुनिश्चित गर्ने र वस्तुको आयात गर्ने काम पालिकाको तर्फबाट भएको छैन तर उन्नत बीउ भने खरिद गरिदिने व्यवस्था भएको छ (राई, आ, २०७८) । सबै कृषि उत्पादनको बजार व्यवस्था गर्ने वा तत् पालिकाले आयात गरिदिने सुनिश्चित गर्ने व्यवस्था नहुनुले कृषि क्षेत्रमा सुशासन र विकासका लागि कृषि क्षेत्रले पर्याप्त प्राथमिकता नपाएको देखिन्छ । पालिकाको तर्फबाट कृषि विशेषज्ञहरूको स्थायी व्यवस्था गरिएको छैन बरू कृषि अनुसन्धान केन्द्र पाखिबासबाट आएका घुमन्ते विज्ञबाट स्थलगत भ्रमणसम्म भएको छ । कृषि सुशासनका लागि प्रत्येक वडा कार्यालयमा कृषि विशेषज्ञको अनिवार्य व्यवस्था गरिनु अनिवार्य छ । यो व्यवस्था नहुनुले कृषि क्षेत्रको विकास नारामा मात्र सीमित हुने कुरामा कुनै दुई मत हुने छैन । कृषिउपजको स्थायी भण्डारणका लागि चिस्यान केन्द्रको निर्माण भएको छैन । स्थानीय कृषिउपजमा आधारित एक बिस्कुट उद्योग सञ्चालनमा रहेको छ । केवल एउटा बिस्कुट उद्योगमात्र सञ्चालनमा रहनुले कृषिलाई औद्योगिकीकरण गर्ने उद्देश्यतर्फ ठोस कदम नउठाएको देखिन्छ । बाखापकेट कार्यक्रम वडा नं.४, ६, ७, ११ र १२ मा सञ्चालन गरिएको छ । बंगुर पकेट कार्यक्रम वडा नं. १, २, ३, ५ र ९ मा गरी जम्मा ५ कार्यक्रम रहेको छ । बाखा र बंगुरको लागि भने उल्लेख्य कार्य भएको देखिन्छ ।

**शिक्षा क्षेत्र**

नगरपालिका क्षेत्रमा सामुदायिक ४५ र संसथागत ८ गरी जम्मा ५३ वटा विद्यालय सञ्चालनमा रहेको छ, जसमध्ये प्रति एक कक्षा एक शिक्षकको व्यवस्था गरिएको छैन (राई, आ २०७८) । प्रति एक कक्षा एक शिक्षकको व्यवस्था गर्न पालिका चुक्नु भनेको शैक्षिक क्षेत्रमा गुणस्तर सुधार गर्नेतर्फ कम ध्यान दिइएको भन्ने बुझिन्छ । यो अवस्था रहनुबाट शैक्षिक सुशासन र विकासमा पर्याप्त उपलब्धि हासिल हुने बिषयमा शंका उत्पन्न भएको छ । यद्यपि पालिकाबाट सबै विद्यालयहरूको नियमित अनुगमन गरिनु राम्रो पक्ष हो । कक्षा १२ सम्म विज्ञान शिक्षा अध्यापन गरिने विद्यालय विद्योदय र यशोधरा गरी जम्मा २ वटा छ । नगरक्षेत्रभित्र व्यवसायिक शिक्षा वडा नं. ६, कृषि शिक्षा वडा नं. ४ र बाली विज्ञान वडा नं. १२ मा गरी जम्मा ३ वटा प्राविधिक शिक्षालय रहेको तथ्यांकले देखाउदछ । प्रत्येक वडामा एक विज्ञान तथा प्राविधिक शिक्षालय सञ्चालन गरिनु शैक्षिक सुशासनको दृष्टिले आवश्यक छ । यसो नभए शैक्षिक सुशासन र विकासतर्फ कमध्यान दिएको ठहर्दछ । पालिका क्षेत्रभित्र शैक्षिकपात्रो निर्माण तथा प्रयोग, शैक्षिक प्रोफायल तयारी, पाठ्यक्रम निर्माण र शैक्षिक योजना निर्माण गर्ने काम सम्पन्न हुनु शैक्षिक सुशासनकालागि असलपक्ष हो । प्राविधिक र व्यवशायिक शिक्षातर्फ जोड दिनसके शैक्षिक विकास र सुशासन कायम हुन सक्दछ ।

**स्वास्थ्य क्षेत्र**

पालिका क्षेत्रभित्र अस्पताल एक, स्वास्थ्य चौकी ८, शहरी स्वास्थ्य केन्द्र २ र बर्थिङ सेन्टर ५ स्थानमा सञ्चालनमा रहेको छ । बृद्ध, बालक, अपाङ्ग, असहाय र गरीबहरूमध्ये अपाङ्गहरूका लागि यातायात र उपचार खर्चको व्यवस्था गरिएको छ । पालिकाक्षेत्रमा पालिकाको तर्फबाट अपाङ्गबाहेक कुनै प्रकारको निशुल्क उपचार र औषधी उपलब्ध गराउने व्यवस्था छैन । यसबाट स्वास्थ्य क्षेत्रलाई निशुल्क र मौलिकहकका रूपमा स्थापित गर्ने संवैधानिक मर्मतर्फ पालिकाको ध्यान पुगेको देखिएन । जम्मा घरधुरी संख्या ५८५३ मध्ये कतिलाई स्वच्छ खानेपानी उपलब्ध गराइएको छ भन्ने दुरूस्त तथ्याङ्क उपलब्ध नहुनुले आगामी दिनको योजना निर्माणमा अस्पष्टता जाहेर गर्दछ । कति घुरधुरी स्वच्छ खानेपानी उपभोग गर्नबाट वञ्चित छ भन्ने बिना तथ्याङ्क सुशासन र बिकासका योजना कसरी बनाउने भन्ने प्रश्न खडा गरिदिएको देखिन्छ ।

**यातायात तथा पर्यटन**

नगरक्षेत्रमा रहेको सडकको कूल दुरी ५०७ कि.मि. छ, जसमध्ये ४६ कि.मि. कालोपत्रे भएको छ । यद्यपि सबै वडाहरूलाई जोड्ने सडक भने चालु अवस्थामा रहनुले यातायात क्षेत्रमा सुशासन कायम गर्ने प्रयास भएको देखिन्छ । सार्वजनिक यातायातका लागि नगर बसको व्यवस्था हुन सके यातायातमा सुशासनको सुरूआत भएको मान्न सकिन्छ तर यो व्यवस्था हुन सकेको छैन । निजी स्तरबाट सञ्चालन भइहेको तीन चक्के अटोलाई नै अन्तरवडा जोड्ने मुख्य बाहन मानिएको छ । नगरपालिकाको मातहतमा कार्यालय प्रयोजनका लागि ३२ वटा बाहन सञ्चालनमा रहेको तथ्यांक देखिन्छ । जसमध्ये जीप ३, एम्बुलेन्स १, शवबाहन १, दमकल १, ट्याक्टर २, ट्रिपर १, डोजर २ र बाइक ।

कार्यालय प्रयोजनका लागि विद्यमान बाहन र साधनहरूको उपलब्धताले कार्यालय सञ्चालनमा सहजता आउनु पनि सुशासनको लागि पूर्वाधार हो । पर्यटन क्षेत्र विकासका लागि डिपिआर तयार गरिएको छ र रेलिङ, पार्क र स्मारक बनाइएको छ । नगरक्षेत्रमा सञ्चालित अटोको भाडा दर निर्धारण गरिएको भए तापनि कतिपय सन्दर्भमा मनोखुसी भाडा असुल्ने चलन व्याप्त छ । सडकको कूल दुरी ५०७ मध्ये ४६ कि.मि.मात्र कालोपत्रे हुनु भनेको ९ प्रतिशतमात्र हुनु हो । यसले सडक पूर्वाधारका क्षेत्रमा निकै कम विकास भएको मान्नु पर्दछ ।

भौतिक पूर्वाधार पालिकाको वडा नं. १ कार्यालय भाडामा, ६, ७, ८, ९ न.पा. परिसरमा र बाँकी वडा कार्यालय आफ्नै भवनमा रहेको तथ्यांकले देखाउदछ । ४ वटा वडाको कार्यालय न.पा. परिसरमा हुनु घरघरमा सिंहदरवार भन्ने सेवाको सुलभ उपलब्धताको आशय विपरीत देखिन्छ । वडाका जनताले आफ्नै वडाको भूगोलमा सेवा प्राप्त गर्न पाउनु पर्दछ भन्ने संघीयताको मुल मर्म हो ।

**सुशासन र समावेशिता**

पालिकामा सानाठूला सबै राजनीतिक दलको प्रतिनिधित्व हुनु सुशासनका लागि आवश्यक पक्ष हो । सबै दलको प्रतिनिधित्व नहुनुले समावेशी सुशासन कायम गर्न सक्दैन । पालिकाक्षेत्रमा सञ्चालित सबै योजनाहरूको अनिवार्य सार्वजनिक सम्परीक्षण गरिनुले आर्थिक सुशासनको संकेत गर्दछ । पालिकामा यो कार्य अनिवार्य रूपमा गरिएको देखिएन । गर्नै पर्ने भनी तोकिएको योजनाको मात्र सार्वजनिक सम्परीक्षण गरिनुभन्दा सबै योजनाको गरिनुमा आर्थिक सुशासन झल्किन्छ । तर त्यसो गरिएको छैन । आ.व. २०७६/०७७मा यस पालिकाको बेरूजु रकम रू. ५,५४,५३,६२२/०० रहेको देखिनु आर्थिक सुशासनमा कम ध्यान दिएको नमूना हो । सूचना अधिकृतमार्फत सूचना दिनु, अफिसियल फेसबुक र वेभसाईटको सञ्चालन गरिनुले पालिकाको कामकारवाहीलाई पारदर्शी बनाउन असल प्रयास गरेको संकेत गर्दछ । नियमित सार्वजनिक सुनुवाईको व्यवस्थामार्फत पारदर्शितालाई अझ सशक्त बनाउन सके सुशासनको बढोत्तरी हुने देखिन्छ । पालिकामा रहेको बेरूजु रकमको अंकले आर्थिक अनुसाशन कायम गर्न बढी ध्यान केन्द्रित गर्नु पर्ने खाँचो जाहेर गर्दछ ।

**आमचोक गाउँपालिका संक्षिप्त परिचय**

आमचौक गाउँपालिका नेपालको प्रदेश नम्बर १ अन्तरगत भोजपुर जिल्लाको दक्षिण पश्चिम क्षेत्रमा अवस्थित छ । यस गाउँपालिकाको सदरमुकाम बालंखा बजार हो । मध्यपहाडी क्षेत्रमा अवस्थित यो गाउँपालिकाको हावापानी समशीतोष्ण छ । साविकका गा.वि.स.हरू वासिंथर्पु, यूँ, थिदिंखा, बालंखा, पावला, देवन्टार र पाङचा मिलेर बनेको यस पालिका १० वटा वडामा विभाजित छ । पूर्वमा हतुवागढी, उत्तरमा रामप्रसादराई, पश्चिममा खोटाङको जन्तेढुङ्गा र दक्षिणमा उदयपुरको चौदण्डीगढी र बेलका नगरपालिका पर्दछ । यो गाउँपालिकामा ३,५७७ घरपरिवार र २०,३८० जनसंख्या रहेको छ (आमचौक गाउँपालिका, एनडि) ।



*आमचोक गाउँपालिकाको केन्द्र : वालंखा बजार)*

**सुशासन र विकासमा आमचोक गाउँपालिका**

**कृषि**

चारवटा पकेटक्षेत्र, १५ वटा समूह र २४ वटा फर्म सञ्चालनमा रहेको तथ्यांकले देखाउदछ । निजी स्तरमा १६ वटा फर्म सञ्चालन भइरहेको छ । कुनै पनि बाली व्यावसायिक खेतीका रूपमा सुरू हुन बाँकी नै रहेको बुझिन्छ । कृषिउपज वस्तुका लागि बजार व्यवस्था र खरिद सुनिश्चित गर्नेतर्फ ध्यान पुगेको भए तापनि ठोस काम भइ नसक्नुले कृषि क्षेत्रमा विकास र सुशासन कायम गर्न प्रयत्नरत देखिन्छ । प्रत्येक वडामा कृषि विशेषज्ञको व्यवस्थाहुन जरूरी छ तर हुन बाँकी देखिन्छ । यद्यपि सिंगो गाउँपालिकाको लागि २ जना ना.प्र.स. रहेको तथ्यांकले देखाउदछ । कृषिउपजको भण्डारणका लागि चिस्यान केन्द्र निर्माण भइनसक्नु र कृषि उपजमा आधारित कुनै पनि सानो उद्योग स्थापना हुन बाँकी रहनुले कृषि क्षेत्रमा सुशासन र विकासको गति धीमा रहेको देखाउँदछ (राई, आ, २०७८) । यसतर्फ पर्याप्त ध्यान केन्द्रित हुन आवश्यक देखिन्छ । आमचौक गाउँपालिकामा कृषि क्षेत्रको विद्यमान अवस्थाले कृषिमा विकास र सुशासन कायम गर्न बढी ध्यान केन्द्रित गर्नु पर्ने खाँचो देखाउँदछ ।

**शिक्षा**

पालिकाको तर्फबाट विद्यालयको गुणस्तर अनुगमन गर्ने परिपाटी शैक्षिक सुशासन कायम गर्ने प्रयासका रूपमा लिनु पर्दछ । कम्प्युटर शिक्षा प्रदानगर्ने विद्यालयको संख्या ८ वटा हुनुले आधुनिक शिक्षातर्फ कदम अघि बढेको देखाउँदछ । यसलाई सबै बिद्यालयमा अनिवार्य गर्ने तर्फ ध्यान दिन जरूरी छ । पालिकाले दस बर्षे शैक्षिक योजना र गाउँशिक्षा पार्श्वचित्र तयार गर्नु शैक्षिक सुशासन र विकासका लागि गरिएको असल प्रयास मान्नु पर्दछ । यस पालिकामा स्नातक वा सोभन्दा माथिको शिक्षाप्रदान गर्ने शैक्षिक संस्था नहुनु र प्राविधिक शैक्षिक संस्था नहुनुले उच्च शिक्षाका साथै प्राविधिक शिक्षा हासिल गर्ने सुलभ अवसरबाट यहाँका विद्यार्थीहरू बञ्चित छ भन्ने प्रष्ट हुन्छ । यसका लागि क्याम्पस र प्राविधिक शैक्षिक संस्था स्थापना गर्नेतर्फ पालिकाको ध्यान जान जरूरी देखिन्छ । यसबाट मात्र शैक्षिक सुशासन र विकास सम्भव हुन्छ । ४३ विद्यालयमध्ये सबै विद्यालयमा प्रतिकक्षा एक शिक्षकको व्यवस्था हुन नसकेको अवस्थाले शैक्षिक गुणस्तरमा नकरात्मक प्रभाव पार्न सक्दछ । प्रतिकक्षा एक शिक्षकको व्यवस्था गर्न सक्दा सामान्यतया शैक्षिक सुशासन कायम हुन सक्दछ ।

**स्वास्थ्य**

यस पालिका क्षेत्रमा ८ वटा स्वास्थ्य चौकी, २ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र र १ वटा सामुदायिक स्वास्थ्यएकाइ सञ्चालनमा रहेको तथ्यांकले देखाउँछ । ३,६०० घरधुरीमध्ये २,५१७ (६९%) लाई स्वच्छ खानेपानी उपलब्ध गराइएको देखिन्छ । स्वच्छ खानेपानी उपलब्ध गराइएको जनसंख्याको प्रतिशतले यस क्षेत्रमा निकै राम्रो विकास र सुशासन कायम गर्न सकेको देखिन्छ । स्वास्थ्य सेवा निशुल्क प्रदान गर्ने व्यवस्था भए तापनि उपचार भने सशुल्क हुने व्यवस्था गरिनुबाट स्वास्थ्य क्षेत्रलाई सुधार र सुशासनयुक्त बनाउन प्रयास गरेको देखाउँछ । यद्यपि सेवाभन्दा उपचारलाई निशुल्क गर्न सक्नुले स्वास्थ्य क्षेत्रमा विकास, परिवर्तन र सुशासनको अनुभूति प्रदान गर्नेछ ।

**यातायात**

कुल सडक दुरी ६०० कि.मि.मध्ये सबै कच्ची सडक हुनु यातायात क्षेत्रमा विकास र सुशासन कमजोर रहेको संकेत गर्दछ । सर्वसाधारण नागरिकका लागि सार्वजनिक यातायात सर्वसुलभ बनाउन सक्नुले यातायातमा विकास र सुशासन झल्काउँछ । यो पालिकामा यातायातका लागि सडकहरू कच्चीमात्र हुनु र पर्याप्त नियमित सवारीका साधनहरू उपलब्ध नहुनु सोचनीय बिषय देखिन्छ । यद्यपि सबै वडाहरूलाई सडकले जोडेको छ । पैदल हिँडेर कुनै पनि गन्तव्यमा पुग्नुपर्ने अवस्थाबाट छिटफुट भए पनि सवारीका साधन पाउनु यस पालिकाका बासिन्दाका लागि सापेक्षित विकास नै मान्नु पर्दछ । पर्यटन विकासका लागि २ वटा डिपिआर तयार गरिनुले पर्यटन क्षेत्रमा पनि पालिकाले ध्यान दिएको छ भन्ने देखिन्छ । सिंगो गाउँपालिकाको क्षेत्रमा रहेको कुल सडक दूरीमा कति पनि कालोपत्रे हुन नसक्नुबाट सडक यातायातका लागि पर्याप्त ध्यानदिनुपर्ने ज्वलन्त आवश्यकता देखिन्छ ।

**सुशासन र सहभागिता**

सार्वजनिक सुनुवाई बर्षमा २ पटक वडा र पालिका तहमा आयोजना गर्ने गरिएको पालिकाको तथ्यांकले देखाउँछ । योजनाहरूको सार्वजनिक सम्परीक्षण बर्षमा एकपटक गरिन्छ । आर्थिक बेरूजुका सम्बन्धमा प्रतिवेदन प्राप्त हुन बाँकी रहेको छ । कमसेकम सार्वजनिक सुनुवाई र सम्परीक्षण गर्ने संस्कृति हुनु आफैमा सुशासनको एउटा नमुना हो । यसलाई प्रत्येक महिना एकपटक आयोजना गर्ने व्यवस्था भएमा सुशासन र विकासका लागि उदाहरणीय कार्य हुनेछ । यसबाट आर्थिक अनुशासन कायम गर्न सहयोग मिल्दछ र आमजनताको विश्वास आर्जन हुनेछ ।

**सुझाव**

- स्थानीय तर वास्तविक आवश्यकताको पहिचानमा नयाँपनको खोजी गर्ने ।
- आवश्यकता पहिचानका लागि सरोकारवालाको सहभागितामूलक बहसको अनिवार्य आयोजना गर्ने ।
- शिक्षा स्वास्थ्य, कृषि, यातायात र सानाउद्योगमा योजना केन्द्रित गर्ने ।
- अनुत्पादक क्षेत्रको लगानी कटाउने ।
- वित्तीय अनुशासन कायम गर्ने ।
- पारदर्शिता, जवाफदेहिता र विधिको शासन पूर्ण पालन गर्ने ।

**निष्कर्ष**

सुशासन, विकास र स्थानीय सरकार एक अर्काका परिपूरक हुन्छ । सुशासन शासक वर्गको अनुशासनसँग सम्बन्धित चारित्रिक गुण हो । अनुशासित चरित्रले सुशासन निर्माण गर्दछ । विकास भनेको विगतको सापेक्ष वर्तमान र बर्तमानको सापेक्ष भविष्य बढी उन्नत र उपयोगी अवस्थाको श्रृजना गर्ने बिषय हो । अनुशासनको अभावमा कुनै पनि सकरात्मक परिवर्तन नहुने बिषय स्पष्ट छ । नेपाल राज्यमा सुशासन कायम गर्ने बिषय निकै चुनौतिपूर्ण छ भन्ने सत्य ट्रान्सपरेन्सी ईन्टरनेशनलको प्रतिवेदनबाट प्रष्ट भएको छ । यो आलेख तयार गर्दाको समयसम्म नेपालमा ६ खर्ब, ६४ अर्ब बेरूजु हुनुले पनि नेपालमा वित्तीय अनुशासन कायम हुन नसकेको संकेत गर्दछ । यस्तो अवस्थाबाट सुशासन र विकाससँगै अघि बढ्न कठिन हुने देखिन्छ । यही राष्ट्रिय परिदृष्यमा भोजपुर नगरपालिकाको सुशासन र विकासको सापेक्षित अध्ययन गर्दा सुशासन कायम गर्ने र विकासतर्फ अघि बढ्ने प्रयास भएको देखिन्छ । यद्यपि, सुशासनका लागि गरिनु पर्ने अनिवार्य कामहरू नभएको अवस्था विद्यमान छ र विकासका लागि क्षेत्र पहिचान गर्न अल्मलिएको देखिन्छ । नीतिनिर्माण, कार्यन्वयन, अनुगमन र अनुमोदन प्रक्रियामा सरोकारका सम्पूर्ण पक्षको सहभागितामा उचित ध्यान नदिइनुले सुशासन कायम गर्न कठिन भएको देखिन्छ । सार्वजनिक सुनुवाई नगरिनु, सार्वजनिक सम्परीक्षण नगरिनु, बेरूजु रकमको ठूलो अंश देखिनुले सुशासनमा रहेको चुनौतिको संकेत गर्दछ । कृषि, स्वास्थ्य र शिक्षा सबै भन्दा प्रत्यक्ष जनसरोकारको क्षेत्र हो । एक कक्षा एक शिक्षकको व्यवस्था नहुनु, अपाङ्गबाहेक समाजका अन्य लक्षित वर्गलाई स्वास्थ्य क्षेत्रमा विशेष सुविधाको व्यवस्था गर्न ध्यान नदिइनु सुशासन र विकासमा विद्यमान अपूर्णता हो । कृषि उपजको बजार सुरक्षित नगरिनु र भण्डारणका लागि आधुनिक विकल्पतर्फ ध्यान नदिइनु र वडा तहमा कृषि प्राविधिकशून्य रहनु सुशासन र विकासको आधारभूतपक्षमा ध्यान नदिइनु ठहर्दछ । स्थानीय सरकारले स्थानीय आवश्यकताको पहिचान गर्न सक्नु पहिलो विषय हो र तदनुरूपको योजना कार्यान्वियन गरिनु दोश्रो मुख्य बिषय हो । यसबाट सुशासनसँगै विकासको यात्रा सहज हुनसक्दछ ।

**अनुसूची**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी), भोजपुरका जिल्ला संयोजक नगेन्द्र भूजेलसँग मिति २०७८ चैत्र ४ गते गरिएको साक्षात्कार ।

आमचौक गाउँपालिकामा पठाइएको लिखित प्रश्नावलीमा अमृता राईद्वारा हस्ताक्षरित प्राप्त भएको लिखित उत्तर ।

भोजपुर नगरपालिकामा पठाइएको लिखित प्रश्नावलीमा सुरेन्द्र राईद्वारा हस्ताक्षरित प्राप्त भएको लिखित उत्तर ।

**सन्दर्भ सामग्रीसूची**

*आमचौक गाउँपालिका : गाउँपालिकाको कार्यालय, (एनडि),* Retrieved from https://www.aamchowkmun.gov.np, visited on 19 March, 2022.

कान्तिपुर टेलिभिजन (२०७८), *समचार, राति ८.०० बजे, फाल्गुन २० गते, २०७८,* नेपाल ।

कान्तिपुर टेलिभिजन (२०७८), *समचार, राति ८.०० बजे, फाल्गुन २८ गते, २०७८,* नेपाल ।

पौडेल, लक्ष्मीप्रसाद (२०५९), *सुशासन र वर्तमान शताब्दीका सान्दर्भिक आयामहरू,* काठमाडौः सिजालु पौडेल ।

*भोजपुर नगरपालिकाको कार्यालय, भोजपुर (एनडि),* Retrieved from https:/www.bhojpurmun.gov.np, visited on 18 March, 2022.

सापकोटा, केशवराज (२०६७), *ग्रामीण दृष्टिकोणमा बिकास सिद्धान्त र योजना,* काठमाडौ : दिव्य देउराली प्रकाशन प्रा.लि. ।

सापकोटा, केसवराज (२०६८), *दिगो ग्रामीण बिकास,* काठमाडौ : दिव्य देउराली प्रकाशन प्रा.लि. ।

*सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४,* Retrieved from https://www.lawcommission.gov.np, visited on 1 March, 2022.

Banerji, A., (ND). *Global and National Leadership in Good Governance*. Retrieved from https://www.un.org, visited on Feb 7, 2022.

Berevoescu, L., (ND). *What is Local Government and how is it Organized¿* Retrieved from https:// www.unescwa.org, visited on 9 March 2022.

*Constitution of Nepal_2072_Nepali*. Retrieved from https://www.easynepalityping.com visited on 9 March 2022.

*Corruption Perception Index(2021). Retrieved from* https://www.transparency.org, visited on 19 March *Development: Meaning and Concept (ND).* Retrieved from https:// www. sociologicaldeiscussion. com, visited on 7 Feb. 2022.

*Developmental Local Government (ND).* Retrieved from https://www.teu.org, visited on 8 Feb 2022.

*Governance and development Thematic think Piece of UNDESA, UNDP, UNESCO, (2012).* Retrieved from https://www.un.org, visited on 8 Feb 2022.

Pant, A. (30 August, 20210). *Right to reject: To vote or not to vote¿* Retrieved from https://www.the Himalayan Times.com, visited on 12 March 2022.

*Recall election (ND).* Retrieved from https://www.en.wikipedia.org, visited on 12 March 2022.

*The Role and Purpose of Local Government (ND).* Retrieved from https://www.repository.up.ac.za, visited on 8 Feb 2022.

UCLG ASPAC (2021*). Good Governance: Definition and Characteristics, Nov.18, 2021*. Retrieved from https://www.uclg-aspac.org, visited on 2 Feb 2022.

*10 things to know about NOTA - a voter's right to reject (14 May 2014).* Retrieved from https://www. hindustantimes.com, visited on 12 March 2022.